अव्यक्त वर्षमा लक्ष्य र लक्षणलाई समान बनाऊ

आज निराकारी र आकारी बापदादाले सर्वश्रेष्ठ ब्राह्मण आत्माहरूलाई आकार रूपमा र साकार रूपमा देखिरहनु भएको छ। साकार रूपमा तिमी सबै आत्माहरू पनि बाबाको सम्मुखमा छौ र आकारी रूपधारी बच्चाहरू पनि सम्मुख छन्। दुवैलाई बापदादाले देखेर हर्षित भइरहनु भएको छ। सबैको दिलमा एउटै सङ्कल्प छ, उमङ्ग छ– हामी सबै बाबा समान साकारी सो आकारी र आकारी सो निराकारी बनौं। बापदादाले सबैको यस लक्ष्य र लक्षणलाई देखिरहनु भएको छ। के देखियो? धेरैजसोको लक्ष्य धेरै राम्रो दृढ छ तर लक्षण कहिले दृढ हुन्छ, कहिले साधारण हुन्छ। लक्ष्य र लक्षणमा समानता आउनु, यो निशानी हो समान बन्ने। लक्ष्य धारण गर्नमा कोही ९९ प्रतिशत पनि छन्, बाँकी नम्बरवार छन्। तर सदा, सहज र नेचुरल नेचरमा लक्षण धारण गर्नमा कहाँसम्म छन्, यसमा थोरैमात्र ९० प्रतिशतसम्म छन्, बाँकी अरू नम्बरवार छन्। लक्ष्य र लक्षणमा अनि लक्षणलाई पनि नेचुरल र नेचर बनाउन अन्तर किन छ? समय अनुसार, परिस्थिति अनुसार, समस्या अनुसार कति बच्चाहरूले पुरुषार्थद्वारा आफ्नो लक्ष्य र लक्षणलाई समान पनि बनाउँछन्। तर यो नेचुरल नेचर बनोस्, त्यसमा अझै अरू अटेन्शन दिनुपर्छ। यो वर्ष अव्यक्त फरिश्ता स्थितिमा स्थित रहने भनेर मनाइरहेका छौ। यो देखेर बापदादा बच्चाहरूको प्यार र पुरुषार्थ– दुवैलाई देखेर खुशी हुनुहुन्छ, "वाह प्यारा बच्चाहरू, वाह!" को गीत पनि गाउनुहुन्छ। साथ-साथै अहिले र पछि पनि सर्व बच्चाहरूको लक्ष्य र लक्षणमा समानता देख्न चाहनुहुन्छ। तिमीहरू सबै पनि यही चाहन्छौ नि। बाबाले पनि चाहनुहुन्छ, तिमीहरूले पनि चाहन्छौ, फेरि बीचमा बाँकी के छ? त्यो पनि राम्रोसँग जानेका छौ। आपसमा वर्कशप गर्छौ नि!

बापदादाले लक्ष्य र लक्षणमा अन्तर हुने विशेष एउटा कुरा देख्नुभयो। चाहे आकारी फरिश्ता, चाहे निराकारी निरन्तर, नेचुरल नेचर बनोस्– यसको मूल आधार हो निरहङ्कारी बन्नु। अहङ्कार अनेक प्रकारका छन्। हुन त सबैभन्दा विशेष एक शब्द देह-अभिमान हो, तर देह-अभिमानका विस्तार धेरै छन्। एउटा हुन्छ मोटो रूपमा देह-अभिमान, जुन कति बच्चाहरूमा छैन पनि। चाहे स्वयंको देह, चाहे अरूको देह, यदि अरूको देहको पनि आकर्षण छ भने त्यो पनि देह-अभिमान हो। कति बच्चाहरू यस मोटो रूपमा पास छन्, मोटो रूपमा देहको आकारमा लगाव वा अभिमान छैन। तर यसको साथ-साथै देहको सम्बन्धसँग आफ्नो संस्कार विशेष छ, बुद्धि विशेष छ, गुण विशेष छ, कुनै कलाहरू विशेष छन्, कुनै शक्ति विशेष छ, यसको अभिमान अर्थात् अहङ्कार, नशा र जोश– यी सूक्ष्म देह-अभिमान हुन्। यदि यी सूक्ष्म अभिमानहरू मध्ये कुनै पनि अभिमान छ भने न आकारी फरिश्ता नेचुरल निरन्तर बन्न सक्छ, न निराकारी बन्न सक्छ किनकि आकारी फरिश्तामा पनि देहभान हुँदैन, डबल लाइट हुन्छन्। देह-अहङ्कारले निराकारी बन्न दिँदैन। सबैले यस वर्ष अटेन्शन राम्रो राखेका छौ, उमङ्ग-उत्साह पनि छ, चाहना पनि धेरै राम्रो छ, चाहन्छौ पनि तर अगाडि अझै अटेन्शन प्लीज! चेक गर– कुनै पनि प्रकारको अभिमान वा अहङ्कारले नेचुरल स्वरूपबाट पुरुषार्थी स्वरूप त बनाउदैन? कुनै पनि सूक्ष्म अभिमान अंश रूपमा पनि रहेको त छैन, जुन समय अनुसार र कहीं सेवा अनुसार पनि इमर्ज हुन्छ? किनकि अंश मात्र नै समयमा धोका दिनेवाला हो, त्यसैले यस वर्षमा जुन लक्ष्य राखेका छौ, बापदादाले यही चाहनुहुन्छ– लक्ष्य सम्पन्न हुनु नै छ।

चल्दा-चल्दै कुनै विशेष स्थूल रूपमा त्यस दिन, त्यतिबेला कुनै गल्ती गर्दैनौ तर कहिलेकाहीँ यो अनुभव गर्छौ नि– आज वा अहिले थाहा छैन किन हो, जस्तो खुशी हुनुपर्ने, त्यस्तो छैन। थाहा छैन आज अचानक एक्लोपन वा निराशा वा व्यर्थ सङ्कल्पको तुफान किन आइरहेको छ! अमृतवेला पनि गरेको हो, क्लास पनि गरेको हो, सेवा पनि, नोकरी पनि गरें तर यो किन भइरहेको छ? यसको कारण के हुन्छ? मोटो रूपलाई त चेक गर्छौ र त्यसमा सम्झन्छौ– कुनै गलत भएन। तर सूक्ष्म अभिमानको स्वरूपको अंश सूक्ष्ममा प्रकट हुन्छ त्यसैले कुनै पनि काममा दिल लाग्दैन, वैराग्य, उदास-उदास अनुभव हुन्छ। या त सोच्छौ कुनै एकान्तको स्थानमा जाउँ, वा सोच्छौ सुतौं, रेस्टमा जाउँ वा परिवारबाट किनारा गरौं थोरै समयको लागि। यी सबै स्थितिहरूको कारण अंशको कमाल हुन्छ। कमाल त के भन्ने, धमाल नै भन। त्यसैले सम्पूर्ण निरहङ्कारी बन्नु अर्थात् आकारी र निराकारी सहजै

बन्नु। जस्तै कहिलेकाहीँ दिल हुँदैन– के सदा एकै दिनचर्यामा चल्नु, चेन्ज त चाहिन्छ नि? न चाहेर पनि यो स्थिति आउँछ।

जब निरहङ्कारी बन्नेछौ अनि आकारी र निराकारी स्थितिबाट तल आउने दिल हुँदैन। त्यसैमा नै लवलीन अनुभव गर्छौ किनकि तिम्रो ओरीजनल अनादि स्टेज त निराकारी हो नि। निराकार आत्माले यस शरीरमा प्रवेश गरेको हो। शरीरले आत्मामा प्रवेश गरेको होइन, आत्माले शरीरमा प्रवेश गरेको हो। अनादि ओरीजनल स्वरूप त निराकारी हो नि, कि शरीरधारी हो? शरीरको आधार लियौ तर लियो कसले? तिमी आत्माले, निराकारले साकार शरीरको आधार लियौ। अब ओरीजनल के भयो, आत्मा या शरीर? आत्मा। यो पक्का छ? त्यसोभए ओरीजनल स्थितिमा स्थित हुन सहज या आधार लिनेवाला स्थितिमा सहज?

अहङ्कार आउने ढोका एक शब्द हो, त्यो कुनचाहिँ? म। त्यसैले यो अभ्यास गर– जब जब "म" शब्द आउँछ त्यतिबेला ओरीजनल स्वरूप सामुन्ने ल्याऊ– म को हुँ? म आत्मा या फलाना फलानी हुँ? अरूलाई ज्ञान दिन्छौ "म" शब्द नै उडानेवाला हो, "म" शब्द नै तल ल्याउनेवाला हो। "म" भन्दा ओरीजनल निराकार स्वरूप याद आओस्, यो नेचुरल होस्। यो पहिलो पाठ सहज छ नि। यसैलाई चेक गर, बानी बसाल "म" सोच्यो कि निराकारी स्वरूप स्मृतिमा आओस्। कति पटक "म" शब्द भन्छौ! मैले यो भनें, "म" यो गर्छु, "म" यो सोच्छु... अनेक पटक "म" शब्द प्रयोग गर्छौ। त्यसैले सहज विधि यही हो निराकारी वा आकारी बन्नको लागि, जतिबेला "म" शब्द प्रयोग गर्छौ, तुरुन्तै आफ्नो निराकारी ओरीजनल स्वरूप सामुन्ने आओस्। यो मुश्किल छ वा सहज छ? अनि त लक्ष्य र लक्षण समान भइ नै हाल्यो। केवल यो युक्ति निरहङ्कारी बनाउने सहज साधन अपनाएर हेर। यो देहभानको मैपन समाप्त होस्। किनकि "म" शब्दले नै देह-अहङ्कारमा ल्याउँछ र यदि "म" निराकारी आत्मा स्वरूप हुँ– यो स्मृतिमा ल्यायौ भने यो "म" शब्दले नै देह-भानदेखि पर लैजान्छ। ठीक हो नि। सारा दिनमा २५-३० पटक त अवश्य भन्छौ होला। बोल्दैनौ भने पनि सोच्छौ त होला– मैले यो गर्नेछु, मलाई यो गर्नु छ...। प्लान बनाउँदा पनि सोच्छौ नि। यति पटकको अभ्यासले, आत्मा स्वरूपको स्मृतिले के बनाइदिन्छ? निराकारी। निराकारी बनेर, आकारी फरिश्ता बनेर कार्य गर्यो अनि फेरि निराकारी! कर्म-सम्बन्धको स्वरूपबाट सम्बन्धमा आऊ, सम्बन्धलाई बन्धनमा नल्याऊ। देह-अभिमानमा आउनु अर्थात् कर्म बन्धनमा आउनु। देह सम्बन्धमा आउनु अर्थात् कर्म सम्बन्धमा आउनु। दुवैमा अन्तर छ। देहको आधार लिनु र देहको वश हुनु, दुवैमा अन्तर छ। फरिश्ता वा निराकारी आत्माले देहको आधार लिएर देहको बन्धनमा आउँदैन, सम्बन्ध राख्छ तर बन्धनमा आउँदैन। बापदादा फेरि यसै वर्षमा रिजल्ट हेर्नु हुनेछ– निरहङ्कारी, आकारी फरिश्ता र निराकारी स्थितिमा लक्ष्य र लक्षण कति समान भए?

महानताको निशानी हो निर्मानता। जति निर्मान त्यति सबैको दिलमा महान् स्वत: नै बन्छौ। निर्मानता बिना सर्वको मास्टर सुखदाता बन्न सक्दैनौ। निर्मानताले निरहङ्कारी सहजै बनाउँछ। निर्मानताको बीजले महानताको फल स्वत: नै प्राप्त गराउँछ। निर्मानता सबैको दिलमा आशीर्वाद प्राप्त गराउने सहज साधन हो। निर्मानताले सबैको मनमा निर्मान आत्मा प्रति सहज प्यारको स्थान बनाइदिन्छ। निर्मानताले महिमा योग्य स्वत: नै बनाउँछ। त्यसैले निरहङ्कारी बन्ने विशेष निशानी हो– निर्मानता। वृत्तिमा पनि निर्मानता, दृष्टिमा पनि निर्मानता, वाणीमा पनि निर्मानता, सम्बन्ध सम्पर्कमा पनि निर्मानता। यस्तो होइन मेरो वृत्तिमा थिएन तर बोली निस्कियो। होइन। जस्तो वृत्ति हुन्छ त्यस्तै दृष्टि होगी, जस्तो दृष्टि हुन्छ त्यस्तै वाणी हुन्छ, जस्तो वाणी हुन्छ, त्यही सम्बन्ध-सम्पर्कमा आउँछ। चारैमा नै निर्मानता चाहिन्छ। तीनमा छ, एकमा छैन भने पनि अहङ्कार आउने मार्जिन हुन्छ। यसलाई भनिन्छ– फरिश्ता। अब बुझ्यौ, बापदादाले के चाहनुहुन्छ र तिमीले के चाहन्छौ? "चाहना" दुवैको एउटै छ, अब "गराइ" पनि एक बनाऊ। अच्छा!

भविश्य सेवाको नयाँ-नयाँ प्लान के बनाउँछौ? केही बनाएका छौ, केही बनाउने छौ। चाहे यो वर्ष, चाहे अर्को वर्ष जसरी अरू प्लान सोच्छौ– भाषण पनि गर्नेछौं, सम्बन्ध-सम्पर्क पनि बढाउने छौं, ठूलो प्रोग्राम पनि गर्नेछौं, सानो प्रोग्राम पनि गर्नेछौं, यो त सोच्छौ नै तर वर्तमान समयको गति अनुसार अब सेवाको गति पनि फास्ट चाहिन्छ। त्यो कसरी हुन्छ? वाणीद्‌वारा, सम्बन्ध-सम्पर्कद्‌वारा त सेवा गरि नै रहेका छौ, मनसा सेवा पनि गर्छौ तर अब चाहिन्छ थोरै समयमा सेवाको सफलता ज्यादा होस्। सफलता अर्थात् रिजल्ट। यसको विधि हो– वाणीको साथ-साथै पहिला आफ्नो स्थिति र स्थानको भाइब्रेशन्स शक्तिशाली बनाऊ। जस्तै तिम्रो जड चित्रले के सेवा

गरिरहेको छ? भाइब्रेशन्सद्वारा कति भक्तहरूलाई प्रसन्न पार्छौ! डबल विदेशीहरूले मन्दिर देखेका छौ? तिम्रै त मन्दिर हुन् नि! कि केवल भारतवासीहरूका मन्दिर हुन्? तिम्रो चित्रले सेवा गरिरहेका छन् नि! वाणीद्वारा ठीकै छ गर तर अब यस्तो प्लानिङ गर– वाणीको साथ-साथै भाइब्रेशनको यस्तो विधि बनाऊ, जुन वाणी र भाइब्रेशनले डबल काम गरोस्। भाइब्रेशन धेरै समय रहन्छ। वाणीद्वारा सुनेको कुरा कहिलेकाहीँ कतिले बिर्सन्छन् पनि तर भाइब्रेशनको छाप ज्यादा समय चल्छ। जसरी तिमीहरू आफ्नो जीवनमा अनुभवी छौ– कसैको उल्टो भाइब्रेशन यदि तिम्रो मनमा वा बुद्धिमा बस्छ भने त्यो उल्टो कति समय चल्छ! भाइब्रेशन भित्र बस्छ नि। बरू बोली त त्यसै समय बिर्सिन्छ तर भाइब्रेशनको रूपमा मन र बुद्धिमा छाप लाग्छ। कति समय त्यसै भाइब्रेशनको वशमा त्यस व्यक्तिसँग व्यवहारमा आउँछौ? चाहे उल्टो होस्, चाहे सुल्टो होस् तर भाइब्रेशन मुश्किलले मेटिन्छ।

तर यो रूहानी भाइब्रेशन फैलाउनको लागि पहिला आफ्नो मनमा, बुद्धिमा व्यर्थ भाइब्रेशन समाप्त गर, त्यसपछि रूहानी भाइब्रेशन फैलाउन सक्छौ। कसैप्रति पनि यदि व्यर्थ भाइब्रेशन धारण गरेका छौ भने रूहानी भाइब्रेशन फैलाउन सक्दैनौ। व्यर्थ भाइब्रेशन रूहानी भाइब्रेशनको अगाडि एक दिवाल बन्छ। चाहे सूर्य जति नै प्रकाशमय होस्, यदि सामुन्ने दिवाल आयो, बादल आयो भने सूर्यको प्रकाशलाई प्रज्ज्वलित हुन दिनैन। जुन पक्का भाइब्रेशन छ, त्यो हुन्छ दिवाल र जो हल्का भाइब्रेशन छ त्यो हुन्छ हल्का बादल या कालो बादल। त्यसले रूहानी भाइब्रेशनलाई आत्माहरूसम्म पुग्न दिदैन। जसरी सागरमा कसैले जाल हालेर अनेक चीजलाई एकै पटक जम्मा गरिदिन्छन् या कहीँ पनि आफ्नो जाल फैलाकर एक समयमा अनेकौंलाई आफ्नो बनाउँछन्, त्यसैगरी भाइब्रेशनले एकै समयमा अनेक आत्माहरूलाई आकर्षित गर्न सक्छ। भाइब्रेशनले वायुमण्डल बनाउँछ। त्यसैले अबको सेवामा वृत्तिद्वारा रूहानी भाइब्रेशनद्वारा साथ-साथै सेवा गर, तब फास्ट हुन्छ। भाइब्रेशन र वायुमण्डलको साथ-साथै वाणीको पनि सेवा गर्यौ भने एकै समयमा अनेक आत्माहरूको कल्याण गर्न सक्छौ।

बाँकी प्रोग्रामका लागि भविश्यमा पनि बनिबनाउ स्टेजको प्रयोग अरू ज्यादा गर, त्यसलाई अझै बढाऊ। सम्पर्कमा आउनेहरूद्वारा यो सहयोग लिएर यस सेवाको वृद्धि गर्न सक्छौ। सहयोगीहरूको सहयोग कुनै पनि विधिले बढाउदै गयौ भने स्वत: नै सेवामा सहयोगी बनेपछि सहज योगी बन्छन्। कति यस्ता आत्माहरू हुन्छन्, जुन सीधा सहजयोगी बन्दैनन् तर तिमी सहयोग लिदै जाऊ, सहयोगी बनाउदै जाऊ। यसरी सहयोगमा अगाडि बढ्दै बढ्दै सहयोगले उनीहरूलाई योगी बनाइदिन्छ। त्यसैले सहयोगी आत्माहरूलाई अझै स्टेजमा ल्याऊ, उनीहरूको सहयोग सफल गर। बुझ्यौ, के गर्नु छ? कुनै एक आत्मा पनि सहयोगी बन्यो भने ऊ आत्मा यथार्थमा सहयोग लिनाले, दिनाले, प्रत्यक्ष आशीर्वादद्वारा सहज अगाडि बढ्छ र अनेकौंको सेवाको निमित्त बन्छ।

साथ-साथै वर्षमा महिना निश्चित गरेर केही महिना विशेष स्वयंको पुरुषार्थ वा श्रेष्ठ शक्ति धारण गर्ने अभ्यासको, जसलाई तिमीहरूले तपस्या, रिट्रीट या भट्ठी भन्छौ, हरेक देश अनुसार जस्तो सीजन हुन्छ त्यस्तै दुई-दुई महिना फिक्स गर। दुई महिना तपस्याको, दुई महिना साना-साना सेवाको, दुई महिना ठूलो रूपको सेवाको, यस्तो फिक्स गर। यस्तो होइन १२ महिना सेवामा यति बिजी होऊ, जसकारण स्वको प्रगतिको लागि समय कम मिलोस्। जस्तो देशको सीजन हुन्छ, कति समय यस्तो हुन्छ, जसमा बाहिरको विशेष सेवा गर्न सकिदैन, त्यो समयमा आफ्नो प्रगति प्रति विशेष रूपले कार्यक्रम राख। सारा वर्ष सेवा नगर, यो पनि हुन सक्दैन, सारा वर्ष केवल तपस्या गर, यो पनि हुन सक्दैन, त्यसैले दुवैलाई साथ-साथै लक्ष्यमा राख्दै आफ्नो स्थान अनुसार निश्चित गर, जसमा सेवा र स्वको प्रगति दुवै साथ-साथ चलोस्।

अच्छा! यस वर्षको सीजनको समाप्ति हो। समाप्तिमा के गरिन्छ? समाप्तिमा एक त समारोह गरिन्छ र अर्को आध्यात्मिक कुरामा स्वाहा गरिन्छ। त्यसोभए अब स्वाहा के गर्नेछौ? एउटा कुरा विशेष मन-बुद्धिबाट स्वाहा गर, वाणीबाट होइन, केवल पढियो, त्यो होइन, मन-बुद्धिबाट स्वाहा गर। फेरि हेर, स्व र सेवामा तीव्र गति कसरी हुन्छ! आजको लहर हो कुनै पनि आत्मा प्रति व्यर्थ भाइब्रेशनलाई स्वाहा गर। स्वाहा गर्न सक्छौ? कि थोरै-थोरै रहन्छ? यस्तो नसम्झ– यो हो नै यस्तो, यसरी त भाइब्रेशन रहन्छ नि! जस्तोसुकै होस् तर तिमीले नेगेटिभ भाइब्रेशनलाई परिवर्तन गरेर पोजिटिभ भाइब्रेशन राख्यौ भने ऊ आत्मा पनि नेगेटिभबाट पोजिटिभमा आइ नै हाल्छ, आउनु नै छ किनकि जबसम्म यो व्यर्थ भाइब्रेशन मन-बुद्धिमा हुन्छ, फास्ट गतिको सेवा हुनै सक्दैन।

वृत्तिद्वारा रूहानी भाइब्रेशन फैलाउनु छ। वृत्ति हो रकेट, जो यहाँ बसी-बसी जहाँ पनि चाहन्छौ, जति पनि

शक्तिशाली परिवर्तन गर्न चाहन्छौ, त्यो गर्न सक्छौ। यो रूहानी रकेट हो। जहाँसम्म जति जनालाई पुर्याउन चाहन्छौ, त्यति शक्तिशाली वृत्तिद्वारा भाइब्रेशन, भाइब्रेशनद्वारा वायुमण्डल बनाउन सक्छौ। चाहे त्यो वास्तवमा गलत पनि होस् तर तिमीले उसको गल्ती धारण नगर। गलतलाई तिमीले किन धारण गर्छौ? यो श्रीमत हो र? बुझ्नु अलग चीज हो। नलेजफुल ठीकै छ बन तर नलेजफुलको साथ-साथै पावरफुल बनेरको त्यसलाई समाप्त गरिदेऊ। सम्झनु अलग चीज हो, समाहित हुनु अलग चीज हो, समाप्त गर्नु अझै अलग चीज हो। सम्झन्छौ यो गलत हो, यो सही हो, यो यस्तो छ। तर भित्र त्यो नराख। समाहित गर्न आउँछ, समाप्त गर्न आउँदैन। ज्ञान अर्थात् समझ। तर समझदार उसैलाई भनिन्छ जसलाई बुझ्न पनि आउँछ र मेटाउन पनि आउँछ, परिवर्तन गर्न पनि आउँछ।

यस वर्षमा मन र बुद्धिलाई बिल्कुल व्यर्थबाट फ्री गर। यसैले फास्ट गतिलाई साधारण गतिमा ल्याउँछ। त्यसैले यो समाप्ति समारोह गर अर्थात् स्वाहा गर। बिल्कुल क्लीन। जस्तोसुकै होस्, तर क्षमा गर। शुभ भावना, शुभ कामनाको वृत्तिद्वारा शुभ भाइब्रेशन धारण गर किनकि लास्टमा पछि गएर यही वृत्तिले भाइब्रेशनले तिम्रो सेवा बढाउँछ, तब चाँडो भन्दा चाँडो कम से कम ९ लाख बनाउन सक्छौ। बुझ्यौ, के स्वाहा गर्नु छ? व्यर्थ वृत्ति, व्यर्थ भाइब्रेशन स्वाहा! फेरि हेर, नेचुरल योगी र नेचरमा फरिश्ता बन्छौ। यस अनुभवमा रिट्रीट गर, वर्कशप गर "कसरी हुन्छ, होइन, यसरी हुन्छ।" अच्छा!

सदा स्वयंलाई बारम्बार ओरीजनल स्वरूप म निराकारी हुँ– यस्तो निश्चय र नशामा उड्ने, सदा निर्मानताद्वारा महानताको प्राप्तिको अनुभवी आत्माहरू, यस्तो निर्मान, सदा महान् र सदा आकारी निराकारी स्थितिलाई नेचर र नेचुरल बनाउने सर्व श्रेष्ठ आत्माहरूलाई बापदादाको धेरै-धेरै-धेरै याद-प्यार एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

वरदानः– यस मरजीवा जीवनमा सदा सन्तुष्ट रहने इच्छा मात्रम् अविद्या भव

तिमी बच्चाहरू मरजीवा बनेका नै हौ सन्तुष्ट रहनको लागि। जहाँ सन्तुष्टता छ त्यहाँ सर्वगुण र सर्वशक्तिहरू छन् किनकि रचयितालाई नै आफ्नो बनायौ अर्थात् बाबा मिल्नुभयो त सबै थोक मिल्यो। सबै इच्छाहरू एकत्र गर त्यो भन्दा पनि पदमगुणा ज्यादा मिलेको छ। त्यसको अगाडि इच्छाहरू यस्तो हुन् जस्तो सूर्यको अगाडि दिपक। ईच्छा उठ्ने त कुरै छोड,तर इच्छा पनि हुन्छ भन्ने प्रश्न पनि उठ्न सक्दैन। सर्व प्राप्ति सम्पन्न छौ त्यसैले इच्छा मात्रम् अविद्या,सदा सन्तुष्टमणि छौ।

स्लोगनः– जसको संस्कार सहज छ, उसले जस्तोसुकै परिस्थितिमा पनि स्वयंलाई परिवर्तन गर्न सक्छ।